दर्ता नं. १२२६/०६६/०६७
इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/२१/०६७/०६८

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
# Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्य क्षेत्र भएको)

मिति :- २०७८/०९/०९

चलानी नं :- ३०२/२०७८/०७९

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
सिहंदरबार प्लाजा, काठमाण्डौं, नेपाल ।

**विषय :- वार्षिक साधारण सभा तथा शेयर दाखिला खारेज बन्द गर्ने सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०९/०८ गते दिनको ५.०० बजे वसेको सञ्चालक समितिको १७८ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको ११ औं वार्षिक साधारण सभा मिति २०७८/०९/३० गते शुक्रवार (तदनुसार १४, जनवरी, २०२२) का दिन बिहान ११ : ०० बजे होटल न्यू ईरा, बुटवल उप-महानगरपालिका वडा नम्वर ०९, कालिकापथ, रुपन्देहीमा बोलाउने निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ । साथै उक्त वार्षिक साधारण सभा प्रयोजनको लागि शेयरधनी दर्ता किताब मिति २०७८/०९/२१ गतेका दिन बन्द गरिने भएकाले नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/०९/२० गते सम्म कायम रहेका शेयरधनीहरु सभामा भाग लिन तथा वोनस शेयर पाउन योग्य रहने ब्याहोरा जानकारीको लागि अनुरोध छ ।

**संलग्न**

१. वार्षिक साधारणसभा सम्वन्धी सूचना यसै पत्रसाथ संलग्न गरिएको छ ।

**भवदिय,**

..................
श्रीराम पोखेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**बोद्धार्थ :-**

१. **श्री नेपाल राष्ट्र बैंक,** बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।
२. **श्री नेपाल धितोपत्र बोर्ड,** जावलाखेल, ललितपुर ।
३. **श्री कम्पनी रजिष्ट्रारको कार्यालय,** त्रिपुरेश्वर, काठमाण्डौ ।
४. **श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,** सिंहदरवारप्लाजा, काठमाण्डौ ।
५. **श्री सिद्धार्थ क्यापिटल लिमिटेड,** नारायणचौर, नक्साल, काठमाडौं ।

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंक बाट “घ” वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय; बुटवल-१२, रुपन्देही ।
फोन नं : ०७१-४३८१७१, फ्याक्स : ०७१-४३८१६९


## ११ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७८/०९/०९ गते

श्री शेयरधनी महानुभावहरु,

यस संस्थाको मिति २०७८/०९/०८ (तदनुसार २३ डिसेम्बर, २०२१) गतेको दिन बसेको सञ्चालक समितिको १७८ औं बैठकको निर्णय बमोजिम संस्थाको एघारौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्नका लागि कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी सहित उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०७८/०९/३० गते शुक्रवार (तदनुसार १४ जनवरी, २०२२)

स्थान : होटल न्यू ईरा, बुटवल उप-महानगरपालिका वडा नम्वर ०९, कालिकापथ, रुपन्देही ।

समय : बिहान ठीक ११:०० बजे

**११ औं वार्षिक साधारण सभाका लागि प्रस्तावित विषयहरु :-**

**क) सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत गरिने आर्थिक बर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. २०७८ अषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व.२०७७/०७८ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान वाँडफाँड हिसाव, इक्वीटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण सहितको लेखा परिक्षण प्रतिवेदन तथा सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०७८/०७९ को लेखापरीक्षण कार्यका लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक समेत निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिको प्रस्ताव बमोजिम कर प्रयोजनको लागि आ.व. २०७७/०७८ को मुनाफाबाट शेयर धनीहरुलाई २०७८ आषाढ मसान्तमा कायम रहेको संस्थाको चुक्ता पूँजी रु.११,८३,२४,८००।- (अक्षरुपी एघार करोड त्रियासी लाख चौविस हजार आठ सय मात्र) को १।३१५७ प्रतिशतले हुन आउने रकम रु.१५,५६,९०६।- (अक्षेरुपी पन्ध लाख छपन्न हजार नौ सय छ मात्र) नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।

ख. **विशेष प्रस्तावहरु :-**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.११,८३,२४,८००।- (अक्षरुपी एघार करोड त्रियासी लाख चौविस हजार आठ सय मात्र) को २५ प्रतिशतले हुने रकम रु.२,९५,८१,२००।- (अक्षेरुपी दुई करोड पन्चानब्बे लाख एकासी हजार दुई सय मात्र) बरावरको बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

२. संस्थाको अधिकृत पूँजी रु १५,००,००,०००।- (अक्षरुपी पन्ध्र करोड) बाट बृद्धि गरी रु ५०,००,००,०००।- (अक्षरुपी पचास करोड) पुर्‍याउने सम्बन्धमा ।

३. बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको वर्तमान जारी तथा चुक्ता पूँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजीमा बृद्धि गरि वित्तीय संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृती प्रदान गर्ने सम्वन्धमा ।

४. संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन (थप/घट) गरी पारित गर्ने सम्बन्धमा (तिन महले बमोजिम) ।

५. संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधनमा नियमनकारी निकायहरुबाट थपघट, परिवर्तन वा फेरवदल गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम थपघट, परिवर्तन वा फेरवदल गर्नका लागि सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

६. संस्थाले एक वा एक भन्दा बढि उपयुक्त लघुवित्त बित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) गर्ने प्रयोजनका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता/मूल्याङ्कनकर्ता नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने र अन्य लघुवित्त बित्तीय संस्थाहरुका शाखा कार्यालयहरु खरीद तथा प्राप्ती गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

७. संस्थाको कार्यक्षेत्र १९ जिल्लावाट विस्तार गरि राष्ट्रिय स्तरमा स्तरोन्नती गर्ने सम्बन्धमा ।

ग. **विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१. ११ औं वार्षिक साधारण सभा प्रयोजनको लागि शेयरधनी दर्ता किताब मिति २०७८/०९/२१ गतेका दिन बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/०९/२० गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि. नक्साल, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयर धनी कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सूचित गरिन्छ ।

२. ११ औं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनी महानुभावहरुले यस संस्थाको केन्द्रीय कार्यालयबाट, संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि. नक्साल, काठमाण्डौंबाट वा सभा हुने दिन

साधारण सभा स्थलबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै, यस संस्थाको वेभसाईट www.jucbank.com.np मा समेत हेर्न सक्नुहुनेछ ।

३. सभामा भाग लिन उपस्थित हुने शेयर धनी महानुभावहरुले संस्थाको शेयर अभौतिकीकरण/अभौतिकीकरण खाताको विवरण (शेयर अभौतिकीकरण नगरेका शेयरधनीहरुको हकमा सक्कल शेयर प्रमाण पत्र) र यी दुई मध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपी अनिवार्य रुपमा साथमा लिएर आउनु हुन अनुरोध गरिन्छ । संगठित संस्था वा कम्पनीबाट प्रतिनिधित्व गर्ने भएमा कम्तीमा ४८ घण्टा अगावै संगठित संस्थाको आधिकारीक पत्र यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१२, रुपन्देहीमा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । उल्लेखित दिन सार्वजनिक बिदा परेमा समेत सो प्रयोजनका लागि संस्थाको केन्द्रीय कार्यालय, कार्यालय समयमा खुल्ला रहनेछ । प्रोक्सी फारम यस वित्तीय संस्थाको वेभसाईट www.jucbank.com.np बाट download गर्न सकिनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसके पछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ । एकै शेयरधनीले एक भन्दा बढी व्यक्तिहरुलाई प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेको पाईएमा त्यस्तो सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरीसकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा नीजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिती पुस्तिकामा दस्तखत गर्नु पर्नेछ, शेयरधनी उपस्थिती पुस्तिका बिहान ९.३० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ ।

७. नाबालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नेछन । शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ । संयुक्त शेयर धारण गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्ति गरिएको १ जना व्यक्तिले मात्र भाग लिन र मतदान गर्न पाउनेछन् ।

८. शेयरधनी ज्यूहरु बाट ब्यक्त गरिएका प्रश्न, जिज्ञासा वा मन्तब्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा नीजबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिन सक्नेछन् ।

९. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

१०. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनी महानुभावहरुले छलफल गर्न चाहेको विषय सभा हुनुभन्दा ७ दिन अगाबै लिखित रुपमा अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ । तर त्यसलाई पारित गर्ने प्रस्तावको रुपमा राखिने छैन ।

११. कोरोना भाईरस (कोभिड-१९) को संक्रमण जोखिमबाट बच्न सभामा भाग लिने सम्पूर्ण शेयरधनी महानुभावहरुले सो सँग सम्बन्धित स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१२. अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१२, कालिकानगर, रुपन्देही वा कार्यालयको फोन नं. ०७१-४३८१७१ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।